## ७. बागमती प्रदेश हेटौडामा प्रदर्शनीका लागि छनोट भएका स्टार्टअप व्यवसायहरू

| क्र.सं | आवेदकको नाम, ठेगाना | व्यवसाय/उद्यमको नाम | व्यवसायको मुख्य विशेषता | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अभिज्ञ सुवेदी हेटौडा ०९, मकवानपुर | मिठास अग्रो फर्म | केराको चिप्स, केराको दलमोठ, केराको फाइबर बनाउने। | ९७४१७९२४६१ |
| २ | आयुष अधिकारी रत्ननगर नपा १५, चितवन | एड हब नेपाल | Aesthetic Design सहितको café space भएको कफि सप | ९८०९१६८०३४ |
| ३ | आशिष जप्रेल काठमाडौं मनपा, काठमाडौं, | कोसिस टेक्नोलोजी एण्ड रिसर्च प्रा.लि. | वेब डिजाइन तथा विकास कस्टम सफ्टवेयर विकास (Web, Mobile, SaaS) मोबाइल एप विकास ग्राफिक डिजाइन तथा ब्रान्डिङ भिडियो उत्पादन तथा मल्टिमिडिया सेवा डिजिटल मार्केटिङ तथा SEO सामाजिक सञ्जाल व्यवस्थापन IT कन्सल्टिङ अनुसन्धान तथा नवप्रवर्तन | ९८४७३४६९२४ |
| ४ | देवराज रिजाल काठमाडौं २९ अनामनगर, काठमाडौं | ग्राफिक डिजाईन हब प्रा.लि. | Graphic design services Logo design services Social media design services Video editing services Digital marketing services Website development services | ९८६७६२२००४ |
| ५ | निकेश सिंह महालक्ष्मी ८, ललितपुर | ई कागजपत्र प्रा.लि. (E kagajpatra Pvt.Ltd.) | सरकारी कामकाजमा नागरिकहरूले भोग्नुपरेका कठिनाइहरूलाई सहज बनाउने उद्देश्यले सरकारी कागजपत्र तथा नागरिक सेवासम्बन्धी डिजिटल प्लेटफर्म सञ्चालन गर्दै आएको छ । यसले कर्पोरेट तथा व्यक्तिगत अनुपालन मोबाइल एप (Corporate & Personal Compliance Reminder Mobile App) समेत सञ्चालनमा ल्याएको छ। | ९८४९०३७४६२ |
| ६ | निरञ्जन चापागाई धुनिवेशी नपा, धादिङ | प्यारालाक्स सिस्टम्स प्रा. लि. | सफ्टवेयर, वेभसाइट तथा एपहरू बनाउने, | ९८६८१९९९०४ |
| ७ | प्रविन भट्टराई सुर्यविनायक नपा ०५, भक्तपुर | ड्रोन हब नेपाल | Drone Registration Support Professional Aerial Photography/Videography Drone Training Drone Permit Assistance Drone Rental Services Drone Sale and Repair Service Surveying & Mapping | ९८५११४७८७७ |
| ८ | प्रेमप्रसाद तिमल्सिना मकवानपुर गापा-३ | तिमल्सिना हाते कागज उद्योग | केलेको फाइबर निकाली सोबाट नेपाली कागज बनाउने | ९८४८९३२८१६ |
| ९ | मेरी सुवेदी काठमाडौं मनपा गैरीधारा, काठमाडौं, | आईटी स्किल्स ट्रेनिङ नेपाल | It skills training center ले वेभ डेभलपमेन्ट, डेटा साइन्स, डिजिटल मार्केटिङ जस्ता skills based training दिन्छ। | ९७६८४३४९२५ |
| १० | यज्ञ प्रसाद काफ्ले सामाखुसी २६, काठमाडौं, | हाइटेक क्लिनिङ एण्ड प्लेसमेन्ट सर्भिस प्रा.लि. | व्यस्त जीवनशैलीलाई सहज बनाउन घर, कार्यालय, अस्पताल, विद्यालय तथा व्यावसायिक भवनहरूमा व्यावसायिक सरसफाइ, डीप क्लिनिङ, ग्लास क्लिनिङ, पेन्टिङ्ग तथा जनशक्ति व्यवस्थापन सेवा प्रदान गरिन्छ | ९८५११९०६०८ |
| ११ | रवि किरण श्रेष्ठकाठमाडौं मनपा, काठमाडौं | Dear sir Home Tuition Pvt. Ltd. | Service-based EdTech स्टार्टअप। यसको मुख्य 'Products' गुणस्तरीय शैक्षिक सेवाहरू र डिजिटल प्लेटफर्म हुन्।यसअन्तर्गत विद्यार्थीको psychology र आवश्यकता बुझेर घरमै शिक्षकद्वारा ट्युसन , वेब प्लेटफर्म मार्फत अभिभावक र शिक्षकहरूलाई ट्युसनमा जोड्ने प्रविधि-मैत्री सेवा रहेको छ। | ९८४६७२२६०० |
| १२ | ववित दुलाल काठमाडौं मनपा ६, काठमाडौं | मिराज बेकरी | Brown bread(kodor aatako pauroti) multigraing bread, kodo ko cookies ,kodo ko brownie,sourdough bread,.Doughnut, cakes making,coffee related beverages | ९८४३१६७६६४ |
| १३ | विनोद कुमार धामी, काठमाडौं १७ पुतलिसडक, काठमाडौं | ई.एल.ओ. पिथ प्रा.लि | +२ (Grade ११/१२) STEAM Tuition & Digital Learning tuition classes in Science, Technology, Engineering, Arts, and Mathematics (STEAM), along with free study notes and content provides through Mobile App, YouTube, website, and online modules' ensuring accessible learning for all. IELTS & PTE Preparation We offer professional IELTS and PTE coaching through both physical classes and flexible online modules. Free career Counseling. | ९८६५७४१८२८ |
| १४ | सुशान्त कार्की शंखरापुर नपा ९, काठमाडौं | बिल्डआकार इन्नोभेसन प्रा.लि. | Nepal-based STEAM education and technology company, develops curriculum materials, educational textbooks (Classes १-९), and technology-integrated learning tools. It has developed 9-volume STEAM textbook series covering Observation (Classes १-३), Engineering (Classes ४-६, and Technology (Classes ७-९), with a focus on Arduino-based hardware, IoT, and hands-on project learning tailored to the Nepali context. | ९८१०३४६५३६ |
| १५ | सौगात श्रेष्ठ काठमाडौं मनपा, काठमाडौं | शालिक टेक प्रा. लि. | Cultural tourism platform that promotes Nepal's heritage, traditions, destinations, and local experiences through digital storytelling and interactive technology. It helps travelers discover authentic cultural attractions while supporting local communities, artisans, guides, and tourism-related businesses by increasing their visibility and accessibility | ९८४०८३६८९२ |

मिति: २०८३ असार ५ गते विहान ८: ०० देखि ५:०० बजेसम्म, स्थान: जिल्ला बचत तथा सहकारी संघ लि. को सभाहल, हेटौडा उमनपा ०२, शान्तिपथ

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी भक्तपुर




# युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी २०८३ बागमती प्रदेश, हेटौंडा

२०८३ असार ५


फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५
फ्याक्स नं: +९७७-६६३०१९३
वेभसाइट: www.nyc.gov. np,
इमेल: info@nyc.gov.np
नोटिसबोर्ड सेवा: १६१८०१६६३५८३५

## परिचय

राष्ट्रिय युवा परिषद ऐन, २०७२ अनुसार १६-४० वर्ष उमेर समुहका जनसंख्यालाई युवा भनिन्छ।मुलुक यतिवेला ४२.५६ प्रतिशत युवा जनसंख्यासहित उच्च जनसांख्यिक लाभांशको अवस्थामा रहेकोछ।नेपाली युवालाई सवल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गरी आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषदको स्थापना भएको हो।सानोठिमी, भक्तपुरमा केन्द्रीय कार्यालय रहेको यस परिषदले नेपाल सरकारबाट स्वीकृत युवा लक्षित कार्यक्रमको कार्यान्वयन गर्दछ।यसका साथै अन्य सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित युवा लक्षित कार्यक्रमहरुमा समन्वय, सहकार्य र सहजीकरण गर्दै आएको छ। परिषदले युवा लक्षित नीति तथा कार्यक्रम तर्जुमा गर्ने, नेतृत्व र क्षमता विकास गर्ने, सीपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धन गर्नेदेखि अन्य विविध अवसरहरुमा युवाको सहभागिता बढाउने जस्ता कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

## युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी

"स्टार्टअप व्यवसाय/उद्यम" भन्नाले कुनै फर्म वा कम्पनीले कुनै वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम सम्झनु पर्छ र सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ। युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको प्रवर्द्धन, रोजगारीको सिर्जना, सीपमुलक कार्यमा उत्साह जस्ता कार्यलाई प्रोत्साहन गर्न, व्यवसायिक उत्पादनलाई प्रदर्शनीका माध्यमले प्रचारप्रसार गरी व्यवसायिक उत्पादनलाई बजारीकरणको लागि सहयोग गर्दै उत्पादनमा उत्प्रेरित गर्न आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको छ।

युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यलाई सरल, सहज, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले परिषद्को वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको बुँदा नं.२.५ बमोजिम युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यढाँचा, २०८२ राष्ट्रिय युवा परिषदबाट स्वीकृत भएको छ। यस कार्यढाँचाका आधारमा मुलुकका सात ओटै प्रदेशमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी आयोजना भइरहेको छ। यसपूर्व गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेत, मधेश प्रदेशको वीरगञ्ज र लुम्बिनी प्रदेशको बुटवलमा प्रदर्शनीहरु सम्पन्न भैसकेका छन। सूचना प्रविधि तथा स्टार्टअप व्यवसायमा संलग्न भएका युवाहरूबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको यो प्रदर्शनीलाई प्रभावकारी बनाउन तीनै तहका सरकार, उद्योग वाणिज्य महासंघ, विकास साझेदार लगायत सम्बन्धित संघ संस्थासँगको समन्वय र सहयोग रहेको छ।

## प्रदर्शनीको उद्देश्य

यस प्रदर्शनीको आयोजनाबाट देहायको अपेक्षा गरिएको छ :

१. युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने
२. युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायको उपलब्धि जनस्तरमा पुर्याउने
३. मुलुकको समृद्धिका लागि स्टार्टअप व्यवसाय/उद्यमप्रति आकर्षण बढाउने।

## प्रदर्शनीमा सहभागी हुन लिइएका आधार

देहायका योग्यता पुगेका सूचना प्रविधि तथा स्टार्टअप व्यवसायी प्रदर्शनीमा सहभागी हुन योग्य मानिनेछः-

(क) उद्योग/व्यवसाय सञ्चालन गरेको १० वर्ष ननाघेको,
(ख) स्थापना भएपछिको कुनै आर्थिक वर्षमा वार्षिक कारोबार पन्ध्र करोड ननाघेको,
(ग) आवेदन दिने अन्तिम मितिसम्म व्यवसयीको उमेर १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
(घ) सूचना प्रविधि तथा स्टार्टअपको क्षेत्रमा रोजगारी सृजना गरेको,
(ङ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,
(च) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,
(छ) छिटो स्तरोन्नतिको सम्भावना भएको,
(ज) श्रम सम्बन्धी प्रचलित कानूनहरूको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको,
(झ) प्रचलित कानून वमोजिम योग्य रहेको भनी सम्बन्धित व्यवसायी/उद्योगीले स्वघोषणा पत्र पेश गरेको।

## प्रदर्शनी सञ्चालनको ढाँचा

१. **प्रदर्शनीको तयारी गरिने:** प्रदेशगत रूपमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसायहरूको प्रदर्शनी कार्यक्रम तय गर्न राष्ट्रिय युवा परिषद्का प्रतिनिधि, प्रदेश, स्थानीय तह, उद्योग वाणिज्य महासंघ र युवा उद्यमीसँग छलफल/अन्तर्क्रिया गरिनेछ।

२. **सूचना प्रकाशन गर्नेः** परिषद्को कार्यालयले प्रत्येक प्रदेशमा आयोजना गर्ने प्रदर्शनीका लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।सो सूचना राष्ट्रिय युवा परिषद्, प्रदेशको युवा मामिला हेर्ने मन्त्रालय, प्रदेश युवा परिषद् र स्थानीय तहको वेवसाइटमा समेत राख्न सकिनेछ।

३. **आवेदन पेश गर्नेः** प्रदर्शनीमा भाग लिन चाहने व्यवसायीले प्रदर्शनीका लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा निर्धारित अवधिभित्र प्रदर्शनी कार्यढाँचा, २०८२ को अनुसूची -१ बमोजिमको ढाँचामा उल्लेख भएबमोजिमको Online form Portal system बाट आवेदन पेश गर्नुपर्नेछ।

४. **छनौट समितिः** यस प्रदर्शनीलाई व्यवस्थित, निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्न राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुखको नेतृत्वमा एक छनौट समिति गठन गर्ने व्यवस्था रहेको छ।

५. ५. प्रदर्शनीमा स्टलको मूल्याङ्कन गर्दा आकर्षक स्टल, कच्चा पदार्थको आपूर्तिको व्यवस्था ,स्रोत साधनको उपलब्धता, उत्पादित वस्तु तथा सेवाको प्रदर्शनी, आर्थिक व्यवस्थापन, उत्पादन, उत्पादन प्रक्रिया, बजारीकरण, रोजगारीको अवस्था, नवप्रवर्तन (नयाँपन/फरकपन) को अवस्था, प्रविधिको सिर्जनात्मक प्रयोगको अवस्था, बजार विस्तार (Scale Up) र स्थायित्वको संभावना, लाभान्वित जनसंख्याको व्यापकता, सम्बन्धित स्थान/समाजसँगको सान्दर्भिकता, prototype/ MVP रहे/नरहेको, आर्थिक/सामाजिक योगदान तथा जोखिमको विश्लेषण, अवलोकनकर्ताको आकर्षण, टोलीको सीप अनुभव एवम् क्षमता, बजारको माग, आपूर्ति, भावी कार्ययोजनासहितको तथ्य/तथ्याङ्कमा आधारित प्रस्तुतीकरण जस्ता आधारहरू रहेका छन्।

६. **प्रोत्साहन प्रदान गरिने :** राष्ट्रिय युवा परिषद्का युवा विकास तथा उद्यम प्रवर्धन शाखा प्रमुखको संयोजकत्वमा रहेको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजार प्रोत्साहन रकम तथा १५ वटै सहभागीलाई १०/१० हजारका दरले व्यवस्थापन खर्च र सम्मानपत्र प्रदान गरिनेछ।